# धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८१ साल बैशाख महिना ३१ गते सोमबार)

यस विकास बैंकको शाखा कार्यालय कुमारीपाटीबाट तपशिलमा उल्लेखित ऋणीले अटो कर्जा शिर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औं दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**ऋणीको विवरण**

नाम : **योगेश राज श्रेष्ठ**
बाबुको नाम : दुन्ज राज श्रेष्ठ
बाजेको नाम : नरेन्द्र लाल श्रेष्ठ
स्थायी ठेगाना : रामेछाप जिल्ला रामपुर गा.वि.स. वडा नं. ३
हालको ठेगाना : ललितपुर जिल्ला महालक्ष्मी न.पा. वडा नं. ४
ना.प्र.नं. : ७७९१४-२११०२२-१३१२४
जारी मिति र जिल्ला : २०६३/०२/३०, रामेछाप

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

| | |
|---|---|
| १. नाम : **दुन्ज राज श्रेष्ठ**<br>बाबुको नाम : नरेन्द्र लाल श्रेष्ठ<br>बाजेको नाम : नन्द लाल श्रेष्ठ<br>स्थायी ठेगाना : रामेछाप जिल्ला रामपुर गा.वि.स. वडा नं. ५<br>हालको ठेगाना : ललितपुर जिल्ला महालक्ष्मी न.पा. वडा नं. १८<br>ना.प्र.नं. : २८४/३४०२, २११०२२/७८७१<br>जारी मिति र जिल्ला : २०४१/०१/१८, रामेछाप | २. नाम : **मिश्रा श्रेष्ठ**<br>बाबुको नाम : मान बहादुर श्रेष्ठ<br>पतिको नाम : दुन्ज राज श्रेष्ठ<br>ससुराको नाम : नरेन्द्र लाल श्रेष्ठ<br>स्थायी ठेगाना : रामेछाप जिल्ला रामपुर गा.वि.स. वडा नं. ३<br>हालको ठेगाना : ललितपुर जिल्ला महालक्ष्मी न.पा. वडा नं. १८<br>ना.प्र.नं. : ८११<br>जारी मिति र जिल्ला : २०४६/०२/१०, रामेछाप |

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :**
मिति २०८०/१२/०९ को राजधानी दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।

**धितो सुरक्षण सम्बन्धी विवरण :** धनी यस बैंक र ऋणी योगेश राज श्रेष्ठ कायम रहेको तपसिल बमोजिमको सवारी साधन :

| सवारी दर्ता नं. | मोडल | च्यासिस नम्बर | ईन्जिन नम्बर | बनेको साल | रङ्ग | किसिम |
|---|---|---|---|---|---|---|
| बा १९ च ९५१९ | DUSTER PET. RXL | MEEHSRSGE J3001286 | E001353 | 2018 | GREY | प्रा.जिप |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८१/०२/२० गते आइतबार भित्र यस बैकको शाखा कार्यालय कुमारीपाटी आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) प्राप्त बोलपत्रहरु मिति २०८१/०२/२१ गते सोमबार दिउसो १:०० बजे यस बैकको शाखा कार्यालय कुमारीपाटीमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, कर, लाभ कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
**Central Office:** Lazimpat, Kathmandu
Toll Free No.: 16600149999, E-mail: info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np

Member of Global Alliance for Banking on Values

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

**जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ**